कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं. प्रदेश, नेपाल

मितिः २०७१।०२।०६

पत्र संख्या : ०७८/०७९
चलानी नं.

श्री सम्पूर्ण विद्यालयहरु कोशी गाउँपालिका सुनसरी।

**बिषय : शिक्षकहरुको का.स.म. फाराम २०७८ भर्ने भराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुले शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरको मिति २०७९।०१।०८ गतेको पत्रानुसार शिक्षक सेवा आयोग नियमावली, २०५७ (एघारौं संशोधन २०७८ सहित) व्यवस्था भए अनुसार शैक्षिक सत्र २०७८ को का सम् फाराम भर्ने र विद्यालयमा दर्ता गर्ने कार्य मिति २०७९ साल जेठ ३० गतेसम्ममा सम्पन्न गरी तपशिलको प्रक्रिया अनुरुप का समु फाराम भरी विद्यालयबाट मूल्याङ्कन गरी २०७९ साल असार १० गते भित्र विद्यालयले शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन अनुरोध गरिन्छ।

तपशिल. **का.स.मु. फाराम २०७८ भर्दा र मूल्याङ्कन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।**

- शिक्षकले भर्ने का स मु फाराम शिक्षक सेवा आयोग नियमावली, २०५७ (एघारौ संशोधन २०७८ सहित) को हुनु पर्नेछ । फाराम भर्दा माध्यमिक तहको लागि पहेंलो, निम्न माध्यमिक तहको लागि हरियो र प्राथमिक तहको लागि निलो (आकाशे) कलरको हुनु पर्ने छ।
- २०७९ साल जेठ १ गते देखि ३० गते भित्र सम्बन्धित शिक्षकले आफनो का सम् फाराममा निर्दिष्ट विवरणहरु अनिवार्य रुपले भरी विद्यालयमा दर्ता गराई प्र अ समक्ष पेश गर्ने । २०७९ साल असार १० गते गते भित्र शिक्षा शाखामा विद्यालयले
- समयमै विद्यालयमा दर्ता नभएको, म्याद सकिए पछि दर्ता भएको तथा सम्बन्धित शिक्षक वा मूल्याङ्कन कर्ताको हस्ताक्षर नभएको, केरमेट गरेको वा टिपेक्स प्रयोग गरिएको फारामलाई मान्यता दिइने छैन ।
- विद्यालयको नाम र मूल्याङ्कन गर्ने शिक्षकको नाम, दस्तखत, शिक्षक सकेत नम्बर, मूल्याङ्कन अवधि र शैक्षिक सत्र जस्ता का समु फारामका सबै महलमा उल्लेख भएका विषयहरु अनिवार्य रुपमा भर्न भराउनु पर्ने ।
- शिक्षकले अध्यापन गरेको विषयको (जुन तह र विषयमा स्थायी नियुक्ति भएको हो सोही विषय र तह) को कक्षागत औसतउर्तीण उल्लेख गर्नु पर्नेछ। ।
- शिक्षकहरुको का समु फाराममा सिफारिस गर्ने तथा प्रमाणित गर्ने व्यक्ति शिक्षक सेवा आयोग नियमावली, २०५७ (एघारौ संशोधन २०७८ सहित) ले निर्दिष्ट गरे अनुसार तपशिल बमोजिम गर्नु पर्नेछ ।

**सिफारिस गर्ने तथा प्रमाणित गर्ने**

| **कसको** | **कसले सिफारिस गर्ने** | **कसले प्रमाणित गर्ने** |
|---|---|---|
| **शिक्षक** | प्रधानाध्यापक | शिक्षा अधिकृत |
| प्रअ, प्रअसँग समान श्रेणीको शिक्षक, प्रअभन्दा माथिल्लो श्रेणीको शिक्षक | शिक्षा अधिकृत | इकाइ प्रमुख शिक्षक |

**सुपरिवेक्षक कसको**

| **कसको** | को हुने |
|---|---|
| **शिक्षक** | प्रधानाध्यापक |
| प्रअ, प्रअसँग समान श्रेणीको शिक्षक, प्रअभन्दा माथिल्लो श्रेणीको शिक्षक | शिक्षा अधिकृत |

**पुनरावलोकन समिति कसको**

| **कसको** | कस्को कस्ले ले गर्ने |
|---|---|
| **शिक्षक** | १. प्रधानाध्यापक २ शिक्षा अधिकृत ३. इकाइ प्रमुख |
| प्रअ, प्रअसँग समान श्रेणीको शिक्षक, प्रअभन्दा माथिल्लो श्रेणीको शिक्षक | १ वि.व्य.स. अध्यक्ष २. शिक्षा अधिकृत ३. इकाइ प्रमुख |

कासमु फारामको "खण्ड ग" बमोजिम शिक्षकलाई दिइने अध्यापन बाहेकको विशेष जिम्मेवारी लिखित रुपमा नै तोकिएको हुनु पर्ने र सोको प्रमाण का स मु फाराम साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने । का समु फाराम साथ कार्यमूलक अनुसन्धान पेश गरेपछि मात्र विद्यालबाट दर्ता गरी मूल्याङ्कन गर्ने । यदि कार्यमूलक अनुसन्धान विना का समु फाराम शाखामा पठाए त्यसको मूल्याइकन नहुने ।

बेदराज अधिकारी
शिक्षा शाखा प्रमुख
(अधिकृत छैठौं)

बोधार्थः सूचना तथा प्रविधि शाखा :

*सूचना वेवसाइडमा अपलोड गरिदिनुहुन ।*

प्रमुख प्रशासकिय अधिकृतफोन नं. : ०२५४०१०२५ email : koshigaupalika@gmail.com website: www.koshimun.gov.np